परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १३ ❑ अंक ३८ २०८२ जेष्ठ ४ आईतवार Sunday 18, MAY 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना


गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## ससुरा डा. सितल यादवबाट जग्गा भोगचलनमा अवरोध भएको बुहारीको आरोप

विराटनगर । सिटी हस्पिटलका सञ्चालक डा. सितल यादवले आफ्नो भागमा परेको जग्गा भोग-चलन गर्न नदिएको आरोप उनकी बुहारी डा. निता यादवले लगाएकी छिन् ।

विराटनगरमा मंगलबार आयोजना गरिएको पत्रकार सम्मेलनमा डा. निताले श्रीमानबाट कानुनी रूपमा प्राप्त अंशको जग्गा भोगचलन गर्न नपाएको र ससुरा डा. सितल यादव, देवर डा. सुनिल यादव तथा सासु परिनिता यादवको मिलेमतोमा आफू मानसिक तनाव, धाकधम्की र चरित्र हत्या प्रयासको सिकार बन्नुपरेको गुनासो गरिन् ।


बुहारी डा. निता यादव र आफ्नी आमासंग पत्रकार सम्मेलनमा तस्वीर : श्याम सुन्दर सुतिहार

भोक्राहा नरसिंह गाउँपालिका-३ मा जन्मिएकी डा. निता यादवको विवाह २०६८ सालमा विराटनगर-२ निवासी डा. सुशिल यादवसँग भएको थियो । विवाहको समय उनी एम.बीबी.एस. अध्ययनरत थिइन् ।

“विवाहपछि मात्र थाहा भयो कि मेरा श्रीमान सिजोफ्रेनिया नामक गम्भीर मानसिक रोगबाट ग्रसित हुनुहुन्थ्यो,” डा. निताले भनिन्, “विवाहअघि यो कुरा लुकाइएको थियो ।” विवाहपश्चात श्रीमान र ससुराली पक्षबाट मानसिक र सामाजिक दुर्व्यवहार सुरू भएको उनले बताइन् ।

उनका अनुसार उनका ससुरा डा. सितल यादवले आफ्ना छोरालाई २०५८ साल भदौ २४ गते नै अंशस्वरूप बुढीगंगा गाउँपालिका-१ र ३ का ६ वटा कित्तामा गरी झन्डै ४ विघा जग्गा दिएका थिए ।

२०७९ साल भदौ २ गते डा. निताले श्रीमानको अंशमाथि अधिकारको लागि

वांकी अन्तिम पेजमा...

## एआई तालिम सम्पन्न

विराटनगर । प्रेस चौतारी मोरङले आयोजना गरेको ३ दिने डिजिटल मिडिया र एआई सम्बन्धी तालिम सम्पन्न भएको छ । विहीबार देखि सुरु भएको तालिममा प्रेस चौतारी आवद्ध संचारकर्मीको उपस्थिति रहेको थियो ।

तालिमको समापन कार्यक्रममा प्रमुख अतिथि विराटनगर महानगरपालिका की उपप्रमुख शिल्पा निराला कार्कीले पत्रकारको क्षमता विकाससँगै अन्य कार्यक्रमको लागि हातेमालो गर्न तयार रहेको वताउँदै पत्रकारहरुको आधुनिकीकरणमा एआई तथालिम र समय सान्दर्भिक भएको वताईन । “महानगर पालिकाले आवश्यकताको आधारमा यस्ता तालिमहरू नियमितरूपमा सञ्चालन गर्न तयार छ । उनले भनिन्, पत्रकारिता तथ्य र प्रमाणमा आधारित हुनुपर्छ, गल्ती औँल्याउने पक्षपनि जिम्मेवार हुनुपर्छ ।”

कार्यक्रममा प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य सुमन सुस्केराले बदलिंदो सञ्चार परिवेशमा पत्रकारिताको शैली पनि परिवर्तन भइरहेकाले नयाँ चुनौतीहरूसँग जुध्न सक्ने क्षमता पत्रकारमा हुनुपर्ने वताए ।

त्यस्तै, प्रेस चौतारी नेपाल कोशी प्रदेश अध्यक्ष सुमन पुरी, प्रेस चौतारी मोरङका संस्थापक अध्यक्ष दिपेन न्यौपाने, सञ्चारिका समूह कोशीकी महासचिव जुनु भट्टराई लगायतले तालिमको आवश्यकता र प्रभावबारे धारणा राखेका थिए ।

प्रशिक्षार्थी रेजिना भट्टराईले

वांकी अन्तिम पेजमा...

## दलित मैत्री बजेट बनाउन दवाव

विराटनगर । आगामी आर्थिक बर्षको नीति कार्यक्रम र बजेट दलितमैत्री बनाउन कोशी प्रदेश सरकारलाई दलित अगुवा र सांसदहरुले दबाव दिएका छन ।

शुक्रबार दलित महिला संघ मोरङले आयोजना गरेको अर्न्तक्रियामा सहभागी दलित अगुवाहरुले आगामी आर्थिक बर्षको नीति कार्यक्रम र बजेट दलितमैत्री बनाउन दलित अगुवा र सांसदहरुले दवाव दिएको थियो ।

संघियता कार्यान्व्यन भएको सात बर्ष वितिसक्दा पनि प्रदेशका दलितहरुले शासन र शुसासनमा पुर्ण समानुपातिक शमावेशीकरण अनुभुति गर्न नपाएको भन्दै आगाडी बर्षको बजेट र नीति कार्यक्रम दलितमैत्री बजेट बनाउनु पर्ने जोडदार माग गरेका छन् ।

सार्वजनिक कार्यक्रमहरुमा दलितलाई विकासको सहभागीतामा विशेष प्राथमिकता दिने र चाँडै अधिकार ऐन निर्माण गराएर कार्यान्वयनमा ल्याउने मन्त्री र मुख्यमन्त्रीहरुले प्रतिबद्धता जनाउने गरेपनि व्यवहार भने उल्टो भैरहेको छ । कोशी प्रदेश सभा सांसद सपना दर्जीले संघियताको दुई कार्यकाल वितिसक्दा पनि कोशी सरकारमा हालसम्म दुई जना दलित महिला राज्यमन्त्री मात्र नियुक्त्त हुन पाएको तर अझै विभागिय मन्त्री , सभामुख र उपसभा मुख बन्ने अवसरबाट बंचित भैरहेको दावी गरेका थिए ।

प्रदेश सांसद जयप्रकाश चौधरीले सबै अधिकारबाट बंचितिकरणमा पररिहेको दलित समुदायलाई अगाडी नबढाएसम्म दिगो विकास सफल नहुने भएकोले सरकारले दलितमैत्री नीति कार्यक्रम र बजेट निर्माण गर्नु अति आवश्यक रहेको वताए ।

दलित महिला संघकी केन्द्रीय महासचिव रेणु सिजापतिले सदियौंदेखी सबैभन्दा पछाडी पारिएको

वांकी अन्तिम पेजमा...

नेपाल सरकार
कृषितथा पशुपंछी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय
बिराटनगर, मोरङ्ग

स्वाच्छ खाद्य पदार्थ उपभोगका लागि अनुरोध

- प्याक भएका खाद्य पदार्थहरुको लेवलमा उत्पादन तथा उपभोग्य मिति, व्याच नं., समिश्रण, तौल, उद्योगको नाम ठेगाना आदि हेरेर मात्र उपभोग गरौं ।
- खाद्य पदार्थ संग सिधा सम्पर्कमा रही पोको पार्न, पस्कन तथा भण्डारण गर्न पत्र(पत्रिका, मसी छापिएका वा रङ्गिन कागजको प्रयोग नगरौं ।
- सडकपेटी, बजार, मेला लगायतका स्थानहरूमा खुला रूपमा बिक्री वितरण हुने लेवल नभएका रङ्गिन कटन क्याण्डी, अखाद्य रंगको प्रयोग भएका मिठाइ जस्ता खाद्य पदार्थ उपभोग नगरौं ।
- अस्वाभाविक गन्ध भएका, सडेगलेका, फोहोर ठाउँमा उत्पादन गरिएका खाद्य पदार्थ उपभोग नगरौं ।
- खाद्य पदार्थ उत्पादक उद्योगले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट अनुमति लिएर मात्र उत्पादन तथा बिक्रि वितरण गर्ने गरौं ।
- खाना खाजा खुवाउने होटल रेष्टुरेन्टहरुले स्वच्छता तथा सरसफाई कायम राख्ने गरौं ।
- खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर सम्वन्धमा कुनै गुनासो भए सम्बन्धित निकायमा जानकारी गराऔं ।

सम्पर्क नं. ०२१(४७४८२८, ०२१(४७४२२१



क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## प्रहरी कार्यालय...

साथै उपस्थित सम्पुर्णमा धन्यवाद व्यक्त गरेका थिए ।

उक्त कार्यालयमा जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रमुख प्रहरी उपरीक्षक शरद कुमार थापा क्षेत्रीले स्वागत मन्तब्य राख्नु भएको थियो भने कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी उपरीक्षक आर्किटेक हरि डंगोलले नव निर्मित भवनको निर्माण सम्वन्धि प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । नेपाल सरकारको नियमित बजेटबाट जिल्ला प्रहरी कार्यालय धनकुटा परिसरमा नवनिर्मित कार्यालय भवन, व्यारेक, हिरासत कक्ष, कार्यालय प्रमुखको आवास, सिनियर प्रहरी अधिकृत आवास, प्रहरी भान्सा घर तथा सौचालय समेतको कुल ९ करोड ९९ लाख ८० हजार १८५ रुपैयाँको लागतमा निर्माण कार्य सम्पन्न भएकोछ ।

कार्यक्रममा जिल्ला समन्वय समिति धनकुटाका प्रमुख निरेन तामाङ, धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङ, पाख्रिबास नगरपालिका का नगर प्रमुख ज्ञान बहादुर गुरुङ, महालक्ष्मी नगरपालिका का नगर प्रमुख ध्रुवराज राया, श्री नं २ बाहिनि अड्डा हिले धनकुटाका प्रमुख सहायक रथी दिल बिक्रम सुब्बा, नेपाल प्रहरी प्रधान कार्यालय प्रशासन बिभागका प्रमुख प्रहरी अतिरीक्त महानिरीक्षक कृष्णहरी शर्मा पोखेल, उच्च अदालत बिराटनगर धनकुटा इजलासका न्यायधिश देश बहादुर सार्की, जिल्ला प्रशासन कार्यालय धनकुटाका प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल, नेपाल प्रहरी प्रदेश कार्यालय धरान सुनसरीका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक जयराज सापकोटा, कोशी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्ले, कोशी प्रदेश प्रहरी कार्यालय विरानटनगरका प्रहरी वरिष्ठ उपरीक्षक भीम बहादुर दाहाल, नेपाल प्रहरी प्रधान कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक राम कुमार चौधरी लगायत सिनियर प्रहरी अधिकृतहरु तथा स्थानिय जनप्रतिनिधि, संचारकर्मी, विभिन्न संघ सस्थाका प्रतिनिधि, बुद्दिजिवि तथा प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

यसै गरी नव निर्मित भवन उद्घाटनको क्रममा धनकुटा पुग्नु भएका प्रहरी महानिरीक्षक थापाले धनकुटा को श्री पन्चमी पार्क वाल केन्द्रमा रहेका बालबालिका हरुको लागी नेपाल प्रहरी श्रीमती संघद्वारा उपलब्ध गराईएको शैक्षिक समाग्रीहरु वितरण गर्नु भएको थियो ।

## ससुरा...

सुनसरी जिल्ला अदालतमा मुद्दा दायर गरेकी थिइन् । सो मुद्दामा अदालतले २०८० साल बैशाख ७ गते श्रीमानको आधा अंश डा. नितालाई दिने फैसला गऱ्यो । डा. सितल यादवले उच्च अदालतमा पुनरावेदन गरे पनि २०८१ साउन १६ गते उच्च अदालत ले समेत जिल्ला अदालतको फैसला सदर गरेको थियो ।

"फैसला मेरो पक्षमा आएपछि पनि ससुरा र देवरले जग्गा नामसारीमा अवरोध गरिरहेका छन् । आफूले जग्गामा टहरा बनाउने, धारा र बत्ती जडान गर्ने प्रयास गर्दा पालिकाका कर्मचारी हरूले विवादित भन्दै रोके," उनले भनिन् ।

उनले टंकीसिनवारीमा रहेको उक्त जग्गा कानुनी रूपमा आफूलाई प्राप्त भए पनि बुढीगंगा गाउँपालिकाका कर्मचारीहरू ससुराको प्रभावमा परेर काम गर्न नदिएको आरोप लगाइन् ।

"म ससुराको अरु सम्पत्तिमा अंश खोजिरहेको होइन । मेरो श्रीमानलाई अंशवण्डा गर्दा दिएको ४ विघा जग्गा मात्र मेरो कानुनी हक हो," डा. निताले भनिन्, "त्यो पनि भोगचलन गर्न दिइएको छैन । धम्की, मानसिक तनाव र झूटो आरोप लगाएर चरित्र हत्या गर्ने काम भइरहेको छ । त्यसैले न्यायको लागि पत्रकार सम्मेलन गर्नुपरेको हो ।"

सिटी हस्पिटलका सञ्चालक डा. सितल यादवको विराटनगरमा दुई घर, सात सटर, पाँच कट्ठा नौ धुर जग्गा, पिपलचोक कञ्चन बारीमा १९ धुर, तीनपैनीमा दुई कट्ठा जग्गासहितको घर, र टंकीमा १२ विघा सात धुर जग्गा रहेको डा. निताले जानकारी दिइन् ।

## दलित...

दलित समुदायलाई अगाडी ल्याउनुपर्ने दायित्य सरकार नै भएकोले नीति कार्यक्रम र बजेटमा पहिलो प्राथमि- कता दिनुपर्नेमा जोड दिएका थिए

कोशी प्रदेश योजना आयोगका उपाध्यक्ष डा. राजेन्द्र अधिकारीले प्रदेशमा दलितहरुको अवस्था अझै दयनिय रहेकोले उनीहरुलाई नीति कार्यक्रम र बजेटमा बिशेष प्राथमिकता दिनुपर्नेमा जोड दिएका थिए ।

कोशी प्रदेश सभाका उपसभामुख सृजना दनुवार ले संसदमा दलित अधिकार र ऐन निर्माणका कुरा प्रशस्त्र उठिरहेपनि अझै दलित अधिकार ऐन निर्माण नभएको र सरकारको नीति कार्यक्रम र बजेटपनि दलितमैत्री हुन नसकिरहेको वताए ।

## एआई...

एआईसम्बन्धी विषयवस्तुहरू जीवन र पेशासँग प्रत्यक्ष रूपमा जोडिएको अनुभव सुनाइन् । अर्का प्रशिक्षार्थी तेजेन्द्र भण्डारीले डिजिटल मिडियासम्बन्धी सिकाइहरू, फोटो, भिडियो तथा समाचार निर्माण सीप, अत्यन्तै उपयोगी र व्यावहारिक भएको बताए ।

तालिमको सहजीकरण लिलाराज भट्टराई र संतोष धमलाले गरेका थिए । तालिमका सहभागीहरुलाइ प्रमाणपत्र प्रदान गर्नुका साथै प्रेस चौतारीबाट नेपाल पत्रकार महासंघ, प्रेस चौतरी प्रदेश र केन्द्रमा विजय भएकाहरुलाई सम्मान गरेका थिए ।

कार्यक्रमको अध्यक्षता प्रेस चौतारी मोरङका अध्यक्ष चिना थापाको अध्यक्षता समापन भएको थियो ।


## गणतन्त्र दिवस, २०८२ भव्यरूपमा मनाऔं

गणतन्त्र दिवस (जेठ १५ गते)
अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरौं ।
लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई
संस्थागत गरौं ।
लोकतान्त्रिक अभ्यासलाई
मजबुत बनाऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड



## वनजन्तु तथा चराचुरुङ्गीको संरक्षण सम्बन्धी डिभिजन वन कार्यालय, मोरंङ्गको अत्यन्त जरुरी सूचना

वनजंगल र वन्यजन्तुहरुको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम स्वीकृति नलिई कुनैपनि वन्यजन्तु तथा चराचुरुङ्गी पाल्नु हुँदैन वन्यजन्तुलाई कुनै तरिकाले लखेट्ने, पक्रने, दुःख दिने, मार्ने वा सो गर्न प्रयत्न गर्ने वा त्यसको शरिरको कुनै अङ्ग झिक्ने वा नष्ट गर्ने वा त्यसको अण्डा, गुँड झिक्ने, नष्ट गर्ने वा खलबल गर्ने एवं आखेटोपहार ओसारपसार वा खरिद बिक्री गर्नु गराउनु दण्डनीय अपराध हो। यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँ देखि दश लाख रुपैयासम्म जरिवाना वा पाँच वर्ष देखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुने कानुनी प्रावधान रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ।

डिभिजन वन कार्यालय मोरंग



## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।



## खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

### दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# सुरक्षा चुनौतीको समिक्षा

कोशी प्रदेशमा सम्पन्न एक दिवसीय प्रदेशस्तरीय सुरक्षा गोष्ठी नेपालको आन्तरिक सुरक्षा संरचनालाई थप प्रभावकारी बनाउने दिशामा ऐतिहासिक पहल सावित भएको छ । उक्त गोष्ठी न केवल समसामयिक सुरक्षा चुनौतीहरूलाई समीक्षा गर्ने अवसर बन्यो, तर भविष्यका लागि रणनीतिक मार्गचित्र पनि कोर्न सफल समेत भएको छ । भ्रष्टाचार, लागूऔषध, साईबर अपराध, भन्सार छली, आत्महत्या र दुर्घटनाका घटनाहरूको नियन्त्रणका लागि संयुक्त कार्यदिशा अगाडि बढ्नु पर्ने देखिन्छ। संविधान विरोधी गतिविधिप्रति शून्य सहनशीलता अपनाउनु पर्ने, सुरक्षा क्षेत्रमा नीतिगत स्पष्टता र कार्यगत प्रतिबद्धताको आवश्यक रहेको छ ।

शान्ति सुरक्षामा सुशासन र समृद्धिको पूर्वाधारको रूपमा सुरक्षा निकायलाई हेर्नुपछ । प्रदेश सरकारले लागूऔषध समस्या समाधानमा अभियान सञ्चालन गर्ने अठोटले सामाजिक विकृति विरुद्ध प्रदेश सरकारको गम्भीरता पुर्वक लागेको छ। सुरक्षालाई व्यावसायिकता, समन्वय र दक्षताको माध्यमबाट विकासको आधार बनाउनुपर्ने सन्देशले राष्ट्रिय सुरक्षानीति र विकासको सहकार्य आवश्यक रहेको छ । कानून कार्यान्वयनमा निष्पक्षता, विधिको शासन, र नागरिकको पहुँचको प्रत्याभूति–यी सबै लोकतान्त्रिक समाजको आधारभूत अवयव हुन्, जुन नेपाल प्रहरीले अवलम्बन गर्नुपर्छ ।

सुरक्षा प्रणालीलाई नीति, अभ्यास र प्रविधिको समन्वयमा आधारित प्रभावकारी संयन्त्र बनाउने प्रयोगशाला बन्नुपर्छ । १४ वटै जिल्लाका सुरक्षा प्रमुखहरूको सहभागिताले गोष्ठी सार्थक भएको छ। सुरक्षा बैठकमा गरेका निर्णयहरु केवल मंचमा सिमित नराखी अमलमा ल्याउने इमान्दार प्रयास, स्पष्ट समयरेखा, स्रोतको सुनिश्चितता र उत्तरदायित्वपूर्ण कार्यान्वयनबाट मात्रै स्थायी सुरक्षा सुनिश्चित गर्न सकिन्छ । कोशी प्रदेशबाट सुरु भएको यो पहल अब अन्य प्रदेशका लागि पनि अनुकरणीय बन्नुपर्छ ।

# यौनश्रमलाई कानुनी दायरा कि निरपराधीकरण

**नारायणी देवकोटा**

रोजगारीको दायरा र आधारभूत पारिश्रमिकको स्केल बढाउने वित्तिकै 'बाध्यताले बजार छिरेका' हरूको बाध्यता सकिन्छ । त्यसैगरी कानून बनाउने, व्याख्या र कार्यान्वयन गर्नेलाई मानव बेचबिखन र छनोटमा आधारित यौनश्रम फरक-फरक हो भनेर बुझ्न र बुझाउन जरूरी छ ।

यौनश्रमलाई कानूनी दायरामा ल्याउने विषयमा नेपालका नेताहरूले बेलाबेलामा बोल्दै आएका छन् । उनीहरू कानूनी दायराको प्रस्तावसँग पर्यटन प्रवर्द्धन र करका सवाललाई जोडेर यो एक फाइदाको व्यापार हो भने झैं प्रस्तुत हुन्छन् । समाजको अर्को खेमा त्यसलाई निकृष्ट कामको रूपमा लिंदै, 'तेरा छोरीचेलीलाई यौन श्रमिकको रूपमा काममा लगाउँछस् ?' भनेर सवाल-जवाफमा उत्रन्छन् ।

पछिल्ला दिनमा पनि काठमाडौंको राजनीतिक वृत्तमा चलिरहेका कैयौं बहसमध्ये यौनश्रम पनि एक भएको छ । यो लेख नेपालमा यौनश्रम, यौन कार्य, त्योसँग जोडिएको कानूनको खालीपन, कानूनका कार्यान्वयनकर्ता (नेपाल प्रहरी, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय यौन रोग नियन्त्रण केन्द्र) को दोहोरो चरित्र र सामाजिक मूल्यमान्यताको सवाललाई जोडेर यौन श्रमिकहरूका सवालमा नजिकबाट हेरिरहेको आधारमा यौन श्रमिकका नजरबाट चाहेको कुरालाई केन्द्रमा राखेर लेखिएको छ ।

**नेपालमा यौन श्रमिकको संख्या**

नेपालमा यौन श्रमिकहरूको तथ्यांक छ पनि र छैन पनि । छ यस कारण कि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय यौन रोग नियन्त्रण केन्द्रले सन् २०२४ मा गरेको अध्ययनका अनुसार नेपालमा ८६ हजार ८०९ महिला यौन श्रमिक छन् भनेर पछिल्लो तथ्यांक उपलब्ध छ ।

यौन श्रमिकको हकहितका लागि काम गरिरहेका स्वासा नेपाल, जागृति महिला महासंघका अनुसार ८५ हजार महिला यौन श्रमिकहरू विभिन्न संगठनमा आबद्ध भएका छन् । अर्थात् घोषणा गरेर नै सरकारको प्रत्यक्षनजर वा निगरानीको अगाडि छन् ।

यो तथ्यांक पूर्ण भने होइन । किन होइन भन्दा महिलाको बढ्दो आर्थिक, सामाजिक हैसियतसँग यौन बजारमा पुरुष यौन श्रमिकको बढ्दो उपस्थितिलाई यी तथ्यांकले समेट्दैनन् । त्यसैगरी आफूलाई यौन श्रमिक भन्न नचाहने तर पैसा लिएर यौन श्रम गरिरहेका 'हाई प्रोफाइल' महिला यौन श्रमिकहरूलाई पनि माथिका तथ्यांकले समेट्न सकेको छैन ।

त्यसैले माथि भनिएका पुरुष यौन श्रमिक र घोषणा नगरी काम गरिहेका यौन श्रमिकलाई समेट्दा वर्तमान नेपालमा यौन श्रमिकको संख्या एक लाखभन्दा बढी भएको अनुमान गर्न सकिन्छ ।

**यौनश्रम र बेचबिखन**

नेपालका केही मानिस ( सबैलाई होइन) लाई के लाग्छ भने यौनश्रम र मानव बेचबिखन एकै कुरा हो । यो सर्वसाधारणको हैसियतमा रहेका मानिसलाई मात्रै लाग्दैन, सरकारको निर्णायक पदमा पुगेका नेता, हिरोगिरीमा रमाउने नेपाल प्रहरीका केही हाकिम र महिला बेचबिखन विरुद्ध काम गरेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा नाम र दाम कमाइरहेका गैरसरकारी संस्था सञ्चालकलाई पनि लाग्छ ।

निश्चित क्षेत्रलाई रेडलाइट एरिया भन्ने कुराले सामाजिक, मानसिक रूपमा पार्ने प्रभावको बारेमा नेपालगञ्जमा गएर त्यहाँका बादी महिलाले हामी यौन श्रमिक होइनौं, हुन चाहन्नौं भनेर लडेको तीन दशक लामो संघर्षलाई हेरे हुन्छ । स्थान भनेको पहिचान पनि हो, मनमा यौन श्रमप्रति घृणाको भाव बोकेर बाँचेको समाजले आफ्नो ठेगानालाई रेडलाइट घोषणा गरेको स्वीकार गर्छ ?

यी दुवै एकै कुरा होइनन् । यौन श्रमिकको रूपमा बेचबिखन गर्ने, जबरजस्ती यौनश्रम गर्न लगाउने, यौनशोषण गर्ने काम अमानवीय, गैरकानूनी र सामाजिक सम्बन्धका हिसाबले निकृष्ट काम हो । तर, आफ्नो इच्छा, रहर वा बाध्यताले व्यक्तिले स्वनिर्णय गरेर यौनकार्य गरिरहेको छ भने त्यो उसको अधिकार हो ।

नेपालको श्रम ऐन २०७४ अनुसार हरेक व्यक्ति आफूले चाहेको पेशा-व्यवसाय गर्न, त्यसका लागि बार्गेनिङ गर्न स्वतन्त्र छ । त्यो स्वतन्त्रता अरू क्षेत्रका श्रमिकको जस्तै यौन श्रमिकको रूपमा पनि लागू हुन्छ । यसको विषयमा संयुक्त राष्ट्रसंघको महिला माथि हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि (सिड, १९७९) ले के भन्छ भन्ने पनि जानकारी राख्न जरूरी छ । सिड महासन्धिको पक्ष राष्ट्रको रूपमा नेपाल रहँदै आएको छ ।

भर्खरै २४ फेब्रुअरी २०२५ मा बसेको सिड समितिको बैठकले नेपाल सरकार र नागरिक समाजका तर्फबाट समितिमा पेश गरिएका छुट्टाछुट्टै प्रतिवेदन पढेपछि नेपालमा महिला माथि हुने भेदभावको अवस्थामा समितिले निष्कर्ष 'कन्क्लुडिङ अब्जरभेसन' र सुझाव दिएको छ ।

जसमा यौन श्रमिक महिलाको विषयमा गहिरो गरी जरा गाडेर बसेको लैंगिक विभेद, रुढीवादी सोच, कलंक र सीमित प्रावधानहरूका कारण यौन श्रमिकहरूको न्यायमा पहुँच नभएको, बेचबिखनको कानूनी परिभाषाले बेचबिखन र यौनश्रमलाई एकै ठाउँमा राखेर हेरिदिंदा यौन श्रमिकको अधिकार हनन् भएको, यौनश्रम छोड्न चाहने महिलाहरूलाई सुरक्षित काम गर्ने अवस्था नभएको, वैकल्पिक आय र अवसर सहितको कार्यक्रम राज्यसँग अभाव भएको, यौन श्रमिक हरूसँग महत्वपूर्ण कागजात (नागरिकता जस्ता) मा सीमित पहुँच भएको, यौन श्रमिकका बच्चाहरूको जन्मदर्ता नभएको एवं सुरक्षित गर्भपतन सेवाहरू पूर्णरूपमा पहुँचयोग्य नभएको निष्कर्ष निकालेको थियो ।

त्यही निष्कर्षको आधारमा समितिले यौन श्रमिक महिला माथि हुने शोषणको अनुगमन गरी सहज र आवश्यक भएमा कानूनी सेवा सहायतामा पहुँच र कानूनी सुरक्षा गर्नुपर्ने, विना शर्त यौन श्रमिकहरूका बच्चाहरूको जन्मदर्ता गर्नुपर्ने, यौनश्रममा वा गतिविधिमा संलग्न भएकै कारण यौन श्रमिकलाई मुद्दा नचलाउने

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ । आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वार्द्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

**एम्बुलेन्स सेवा**

जिविसि मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

क्राईम अपरेशन

# तस्करी, चोरी पैठारी तथा अवैध कारोबार रोक्न गृहमन्त्रीलाई ध्यानाकर्षण



विराटनगर । मोरङ उद्योग व्यापार संघले संघीय सरकारका माननीय गृह मन्त्री रमेश लेखकलाई संघमा स्वागत गरी भेटघाट तथा छलफल कार्यक्रम को आयोजना गरेको छ ।

संघका अध्यक्ष अनुपम राठी सहित नेपाल उद्योग परिसंघ, कोशी प्रदेशका अध्यक्ष एवं संघका पूर्व अध्यक्ष पवन कुमार सारडाले माननीय गृह मन्त्रीलाई संघमा स्वागत गरी उद्योग/व्यवसाय क्षेत्रका लागि गृह मन्त्रालयबाट चालिनु पर्ने कदमहरु बारे छलफल तथा अन्तरक्रिया गरिएको थियो ।

संघका अध्यक्ष राठीले नेपालमा हाल भईरहेको बढ्दो तस्करी, चोरी पैठारी तथा अवैध कारोबार प्रति माननीय गृह मन्त्रीज्यूको गम्भीर ध्यानाकर्षण गराउँदै त्यसबाट राष्ट्रको आर्थिक, सामाजिक र सुरक्षात्मक संरचनामा गम्भीर असर पुगिरहेको बताएको थियो ।

त्यस्ता गैरकानूनी अवैध गतिविधिहरुका कारण सरकारले राजस्व संकलनमा ठूलो घाटा व्यहोर्नुका साथै स्वदेशी उद्योग एवं उत्पादनहरुको प्रतिस्पर्धात्मक क्षमता घटेको तथा मुलुकको उत्पादनशील क्षेत्र, उत्पादकत्व र रोजगारी नराम्ररी प्रभावित भएको बताउँदै अध्यक्ष राठीले त्यसबाट मुलुकको अर्थतन्त्र मा ठूलो आर्थिक क्षति भई रहेको र दीर्घकालीन चुनौती खडा भएको बताउनु भएको थियो ।

खुल्ला सीमाको सुरक्षा नीति फितलो रहेकै कारण तस्करी तथा चोरी पैठारीले आश्रय पाएको बताउनु भई अध्यक्ष राठीले सीमावर्ती क्षेत्रमा तस्करी नियन्त्रण गर्न सुरक्षाकर्मीको सक्रियता, प्रविधिमैत्री निगरानी प्रणाली र नीतिगत सुधारको आवश्यकता औंल्याउनु भएको थियो । साथै, त्यस्ता अवैध गतिविधिहरुको नियन्त्रणका लागि गृह मन्त्रालयबाटै सशक्त कदम चाल्नु पर्ने सुझाव दिँदै अध्यक्ष राठीले मुलुकमा अवैध कारोबार रोक्न केन्द्रीय र स्थानीय सरकारबीच समन्वयात्मक भूमिकाको खाँचो रहेको उल्लेख गरेको थियो ।

सीमावर्ति बजारहरुमा कतिपय दैनिक उपभोग्य वस्तु, लत्ता कपडा लगायत का अत्यावश्कीय वस्तुहरुको मूल्य स्वदेशी बजारको भन्दा सस्तो पर्ने गरेकाले प्रत्येक दिन हजारौं नेपाली उपभोक्ता भारतीय बजार जाने, दैनिक अरबौं नेपाली रुपैयाँको अवैध कारोबार हुने तथा गैरकानूनी रुपमा नेपाली मुद्रा विदेशिने र वर्षेनी खर्बौं रकमको राजस्व घाटा हुने गरेको जानकारी अध्यक्ष राठीले गराएको थियो ।

सो नियन्त्रणार्थ सरकारले तत्कालै त्यस्ता वस्तुहरुको माग र आपूर्ति श्रृंखलाको विस्तृत अध्ययन गर्नु पर्ने बताउँदै विशेष गरी भारतीय बजारमा शुन्य देखि १२ प्रतिशतसम्म जी.एस.टी. कायम रहेका दैनिक उपभोग्य तथा अत्यावश्कीय वस्तुहरुको आयात शुल्क तथा करका दरहरु न्यून गर्न सरकारका सम्बन्धित निकाय समक्ष पहल गरिदिन समेत अध्यक्ष राठीले माननीय गृह मन्त्रीलाई आग्रह गरेको थियो ।

अवैध कारोबारका कारण सरकारी संयन्त्रमा भ्रष्टाचार मौलाउने, कानूनी शासन कमजोर हुने जोखिम रहनुका साथै तस्कर संयन्त्र मौलाए मुलुकमा लागू पदार्थ, हतियार, मानव तस्करी लगायत अवैध सामग्रीहरु समेत भित्र्ने भई राष्ट्रिय सुरक्षामै चुनौती उत्पन्न हुने वताएको थियो ।

त्यस्तै, ती अवैध क्रिया कलापहरुमा संलग्न व्यक्तिहरु बाट मुलुकमा आर्थिक हानी हुनुका अलावा समाजमा अपराधिक गतिविधि बढ्ने, युवा पुस्तामा नैतिक पतन छाउने लगायत विभिन्न सामाजिक विकृतिहरु निम्तिने जोखिम रहेकाले त्यस तर्फको निगरानी र कानूनी कारवाही पनि कडाईका साथ बढाउन अनुरोध गरेको थियो ।

सो अवसरमा माननीय गृह मन्त्रीले संघको चासोलाई गम्भीरतापूर्वक लिँदै तस्करी र अवैध कारोबार नियन्त्रण सरकारको प्राथमिकतामा रहेको बताउनु भई आफूले त्यस सम्बन्धमा प्रधानमन्त्री, अर्थमन्त्री, लगायतलाई भेट्ने तथा मन्त्रिपरिषद् बैठकमा समेत कुरा उठाउने आश्वासन दिनु भएको थियो । साथै, माननीय गृह मन्त्रीले त्यसका लागि नीति, श्रोत, र सहकार्यमा कुनै कमी नराख्ने र दुई महिनाभित्र तस्करी नियन्त्रणको प्रत्याभूति गराउने प्रतिवद्धता जाहेर गर्नु भएको थियो ।

# नियन्त्रित औषधी सहित एकाइस पक्राउ

विराटनगर । झापा र मोरङको विभिन्न स्थानबाट लागूऔषध ब्राउन सुगर सहित २१ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

शुक्रबार मोरङ रतुवामाइ नगरपालिका-२ स्थित बाट लागु औषध नियन्त्रण व्यूरो विराटनगर, इलाका प्रहरी कार्यालय डोरिया र इलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरी टोलिले चेकजाँचको क्रममा मोरङ रतुबामाई-८ का ३३ वर्षीय नबिन नेपाली को साथबाट २ ग्राम ५०० मिलिग्राम, रतुवाम-९ का २५ वर्षीय मनिस राई र ३३ वर्षीय डिकेन्द्र तामाङको साथबाट ७ ग्राम ४ सय ३० मिलिग्राम, मोरङ पथरी शनिश्चरे-२ का ३१ वर्षीय बुद्दिराज राई र ३० वर्षीय सुर्य बि.कको साथबाट ४ ग्राम ७ सय ५० मिलिग्राम, मोरङ कानेपोखरी-७ क ३८ वर्षीय जोनी राईको साथबाट २ ग्राम ६ सय १० मिलि ग्राम, १९ वर्षीय अशोक कटुवाल र लेटाङ-६ का ३२ वर्षीय सनम राईको साथबाट ४ ग्राम ३ सय २० मिलिग्राम लागुऔषध बरामद गरेको थियो ।

त्यसैगरी उर्लाबारी-२ का ३३ वर्षीय मिलन ढकाल र ३३ वर्षीय मुकुन्द दुलालको साथबाट ४ ग्राम ६ सय ९० मिलिग्राम, झापा गौरादह-८ का २३ वर्षीय ओम नारायण ताजपुरियाको साथबाट १ ग्राम २ सय ७० मिलिग्राम, झापा कमल गाँउपालिका- २ का २७ वर्षीय समिर न्यौपाने र २७ वर्षीय निरज सुब्बाको साथबाट १ ग्राम ३ सय ६० मिलिग्राम, कमल गाँउपालिका-४ का ३०वर्षीय इन्द्र लिम्बु र ३६ वर्षीय सुमन राईको साथबाट २ ग्राम ८ सय ९० मिलिग्राम, झापा दमक-५ का २२ वर्षीय आशिष कुमार साह र २८ वर्षीय निरज सुबेदीको साथबाट ३ ग्राम ७ सय २० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

सोहीदिन उर्लाबारी नगरपालिका-४ स्थितमा इलाका प्रहरी कार्यालय उर्लाबारीले सोहि स्थान कि ४९ वर्षीया लिला कुमारी थारु र उनको छोरा २५ वर्षीय रंजित धामि थारु र २४ वर्षीय प्रबिन धामि थारुलाई ब्राउन सुगर २ ग्राम ९ सय ६० मिलिग्राम,सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी झापा बिर्तामोड-५ स्थितबाट लागू औषध ब्यूरो काँकडभिट्टा टोलिले झापा मेचिनगर -१० का २३ वर्षीय अंकित खरेललाई १ ग्राम ७ सय २० मिलिग्राम र निषेधित औषधी ९ क्याप्सुल सहित पक्राउ गरेको छ ।

# मदन-आश्रितको स्मृति दिवसको अवसरमा रक्तदान



विराटनगर । नेकपा एमाले विराटनगर महानगर कमिटीले आयोजना गरेको रक्तदान कार्यक्रममा २९ पिन्ट रगत संकलन भएको छ ।

मदन-आश्रितको ३२ औं स्मृति दिवसको अवसरमा जिल्ला पार्टी कार्यालय पाञ्चालीमा आयोजित रक्तदान कार्यक्रममा २९ पिन्ट रगत संकलन भएको महानगर कमिटी सचिव विज्ञान शर्माले जानकारी गराए ।

रक्तदान कार्यक्रममा एमाले केन्द्रीय सदस्य तथा मोरङ इन्चार्ज जीवन घिमिरे, केन्द्रीय सदस्य रामलाल साह, एमाले केन्द्रीय सल्लाहकार परिषद् सदस्य विनोद ढकाल, एमाले महानगर इन्चार्ज पर्शुराम बस्नेत लगायतका नेताहरूको उपस्थित रहेको थियो ।

कार्यक्रममा रक्तदान गर्नेहरूलाई प्रशंसा पत्र प्रदान गरिएको थियो । रक्तदान कार्यक्रम अघि पार्टी कार्यालय परिसरमा रहेको मदन भण्डारीको प्रतिममामा माल्यार्पण गरिएको थियो ।

# प्रहरी कार्यालय धनकुट्टाको भवनहरूको समुद्घाटन

विराटनगर । जिल्ला प्रहरी कार्यालय धनकुटाको नव निर्मित भवनहरुको संगठन प्रमुख प्रहरी महानिरीक्षक दिपक थापाको प्रमुख आतिथ्यतामा समुद्घाटन भएको छ ।

सोमबार आयोजित एक कार्यक्रम बीच धनकुटा नगरपालिका-६ स्थितमा रहेको जिल्ला प्रहरी कार्यालय परिसरमा नवनिर्मित कार्यालय भवन, ब्यारेक, हिरासत कक्षको प्रहरी महानिरीक्षक थापाले समुद्घाटन गरेको थियो ।

नवनिर्मित भवनहरुको समुद्घाटन तथा निरीक्षण पश्चात कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै प्रहरी महानिरीक्षक थापाले नवनिर्मित भवनबाट आम नागरिकले प्राप्त गर्ने प्रहरी सेवा सहजता र सर्वसुलभ वातावरणमा उपलब्ध हुने तथा प्रहरीको दैनिकी समेत सहजरुपमा सम्पादन हुने उपस्थित सम्पुर्णमा विश्वास दिलाएका थिए । प्रहरी संगठनलाई सुदृढीकरण र समृद्धिकरण गर्दै लैजानको लागी संरचनाहरुको निर्माण ले प्रभावकारी भुमिका निर्वाह गर्ने हुँदा नागरिकले समेत यस्ता बिषयहरुलाई चासोको रुपमा लिनु पर्ने धारणा राखेका थिए ।

प्रहरी वर्दीधारी नागरिक हो भने नागरिक बिना बर्दीको प्रहरी भएकोले नागरीकले दिएको सुचना र विश्लेषणको आधारमा प्रहरीले आवश्यक रणनिती बनाई समाजमा अपराध नियन्त्रण गरी शान्ति सुव्यवस्था कामय राख्न तथा समुदाय प्रहरी साझेदारीको अवधारणा अनुसार नागरिक र प्रहरी हातेमालो गरी अगाडि बढ्नु पर्ने वताएका थिए ।


वँहाले सुविधा सम्पन्न भवनमा बस्ने प्रहरी कर्मचारी ले मनोबल उच्च र उत्प्रेरित बनाई जन चाहना बमोजिम को प्रहरी सेवा प्रदान गर्नेमा आफु विश्वस्त रहेको बताउँदै कानूनको परिधिमा रही जनचाहना बमोजिमको प्रहरी सेवा प्रदान गर्न सम्पुर्ण प्रहरी कर्मचारीहरुलाई निर्देशन दिएका थिए ।

कार्यक्रममा प्रमुख अतिथि प्रहरी महानिरीक्षक थापाले विभिन्न प्रहरी इकाईहरुलाई जग्गा उपलब्ध गराउनु हुने जग्गा दाताहरु, भवन निर्माण कार्यमा उल्लेखनिय योगदान पुऱ्याउने महानुभावहरुलाई कदर पत्र तथा प्रशंसा पत्रले सम्मान गर्नु भएको थियो भने उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीहरुलाई पुरस्कृत गर्नु भएको थियो ।

कार्यक्रममा कोशी प्रदेश प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर कार्कीले सुन्दर भवनको सुन्दरतालाई कायमै राख्न भवनमा बस्ने प्रहरी कर्मचारीहरुको महत्वपुर्ण भुमिका रहने हुँदा भवन सरसफाई तथा सौन्दर्यकरणमा विशेष ध्यान दिन तथा प्रहरीलाई नयाँ भवन प्राप्त भए सँगै थप जोश र जागरका साथ समाजमा प्रभावकारी रुपमा शान्ती सुरक्षा व्यवस्था मिलाउन, अपराध अनुसन्धान गर्न र कानूनी राज्यको प्रत्याभुती दिलाउन कार्यरत सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई निर्देशन दिनुका

बाँकी अन्तिम पेजमा...

# आपतकालीन गोदामघर कोशी प्रदेश सरकारलाई हस्तान्तर



विराटनगर। नेपाल सरकार को गृह मन्त्रालयले विराटनगर भन्सार क्षेत्रमा रहेको आपतकालीन गोदामघर कोशी प्रदेश सरकारलाई हस्तान्तरण गरेको छ। गृहमन्त्री रमेश लेखकले कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीलाई चाबी प्रदान गरी गोदाम घर हस्तान्तरण गरेका थिए।

विराटनगर भन्सार कार्यालयमा आयोजित कार्यक्रममा गृहमन्त्री लेखकले गोदाम घर हस्तान्तरण मात्र नभई संघीयताको कार्यान्वयनका लागि समेत यो कदम उठाइएको वताए। उहाँले संघीय सरकार संघीयता कार्यान्वयनमा प्रतिबद्ध रहेको उल्लेख गर्दै विपद् व्यवस्थापनमा सहकार्य गरिरहेको जानकारी दिदै चाँडै नै शिक्षा विधेयक, निजामती विधेयक, नेपाल प्रहरीसम्बन्धी विधेयकहरू पास गरेर संघीयताको कार्यान्वयनलाई अघि बढाउने तयारी भइरहेको छ वताएका थिए।

सरकारले व्याप्त निराशालाई आशामा बदल्ने र स्थायित्व दिनका लागि गठबन्धन बनेको उल्लेख गर्दै गृहमन्त्री लेखकले भने, "यो गठबन्धनले स्थायित्वको सन्देश दिएको छ, औद्योगिक वातावरण निर्माण गरेको छ, मुद्रा सञ्चिति बढाएको छ र समग्र आर्थिक सूचकाङ्कमा पनि वृद्धि भएको छ।" छोटो १० महिनाको अवधिमा सरकारको आर्थिक प्रगति र निराशालाई आशामा बदल्ने काम उल्लेखनीय रहेको उहाँको भनाइ थियो।

कार्यक्रममा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले अहिलेको सरकार गठन भएपछिमात्रै प्रदेशलाई अधिकार हस्तान्तरण हुने प्रक्रिया सुरु भएको वताए। संघीय सरकार बाट अधिकार हस्तान्तरणमा भएका प्रयासहरू सकारात्मक रहेको बताउँदै उहाँले एकैचोटि सबै अधिकार हस्तान्तरण गर्न कठिनाइ हुने स्पष्ट पारेका थिए।

मुख्यमन्त्री कार्कीले प्रदेश सरकार संवैधानिक र कानुनी रूपमा अघि बढिरहेको बताउनु भयो। तर कतिपय कर्मचारीको साँघुरो सोच र ज्ञानको अभावले समस्या भएको समेत मुख्यमन्त्री कार्कीले वताए।

कार्यक्रममा प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरोहन भण्डारीले विपद् व्यवस्थापनमा प्रदेशले गरेका कार्यको चर्चा गर्दै संघीय सरकारले दिनुपर्ने अधिकार तुरुन्त दिनुपर्नेमा जोड दिएका थिए।

हस्तान्तरण गरिएको गोदाम घरमा टेन्ट, त्रिपाल, शेल्टर किट, स्लीपिङ ब्याग, ब्लाङ्केट लगायत ११ प्रकारका सामग्रीहरू रहेका छन्। नेपाल सरकारले हरेक प्रदेशमा यस्ता गोदामहरू निर्माण गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्दै आएको छ। यी गोदामहरूमा दातृ निकायहरूले उपलब्ध गराएका विपद् व्यवस्थापन सम्बन्धी अत्यावश्यक सामग्रीहरू भण्डारण गरिएका छन्।

विराटनगर भन्सार क्षेत्रमा रहेको सो गोदाम घर र त्यसको क्षेत्र प्रदेश सरकारको मातहत रहने प्रमुख कार्यकारी अधिकृत दिनेश भट्टले जानकारी दिएका थिए।

कार्यक्रम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत इन्जिनियर दिनेश भट्टको अध्यक्षतामा सम्पन्न भएको थियो।

# कोशी प्रदेश स्तरिय सुरक्षा गोष्ठी सम्पन्न

विराटनगर। नेपाल सरकार गृह मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेशको संयुक्त आयोजनामा कोशी प्रदेश स्तरिय सुरक्षा गोष्ठी सम्पन्न भएको छ।

माननीय गृह मन्त्री रमेश लेखकको प्रमुख आतिथ्यता तथा नेपाल सरकार गृह मन्त्रालयका गृह सचिव गोकर्ण मणि दुवाडीको अध्यक्षतामा बुधवार मोरङको विराटनगर स्थित होटल एसियाटिकमा उक्त सुरक्षा गोष्ठी सम्पन्न भएको थियो। एक दिवसीय प्रदेश स्तरिय सुरक्षा गोष्ठीको माननीय गृह मन्त्री रमेश लेखक तथा कोशी प्रदेशका माननीय मुख्य मन्त्री हिक्मत कुमार कार्कीले संयुक्तरुपमा पानसमा दिप प्रज्वलन गर्नु भई कार्यक्रमको शुभारम्भ गरेका थिए।

उक्त कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै माननीय गृह मन्त्री रमेश लेखकले जिल्लाहरुको शान्ति सुरक्षा प्रभावकारी बनाउन र भएका समस्या र चुनौतीलाई समाधान गर्न प्रदेश स्तरिय गोष्ठीले महत्वपूर्ण भुमिका निर्वाह गर्ने वताए। देशको आन्तरिक सुरक्षा मजबुद भए मात्रै विकास र समृद्धि सम्भव हुने हुँदा सुरक्षा व्यवस्था तथा आर्थिक अवस्था मजवुद बनाउन भन्सार चोरी निकासी, कालोवजारी, गुण्डा गर्दी, भ्रष्टाचार, लागुऔषध दुर्व्यसनि, सवारी दुर्घटना, आत्महत्या र साईबर अपराधका घटनाहरु लाई नियन्त्रण तथा निरुत्साहित गर्न सबै एक भएर अगाडि बढ्नुपर्ने जानकारी दिए।

साथै वँहाले संविधानको विरुद्धमा हुने कुनै पनि गतिविधि मान्य नहुने र शान्ती सुरक्षा तथा अपराध नियन्त्रणका लागी भावी रणनिती बनाएर काम गर्नुपर्ने वताउँदै सम्बोधनकै क्रममा वँहाले जुन सुकै अवस्थामा घट्ने बिपदका घटनाहरुको व्यवस्थापनका लागि उपलव्ध श्रोत साधन सहित तयारी अवस्थामा रहन निर्देशन समेत दिएका थिए।

कार्यक्रममा कोशी प्रदेशका माननीय मुख्यमन्त्री हिक्मत कुमार कार्कीले समाजमा सुशासन, समृद्धि र अमन चयन कायम राख्नको लागि गोष्ठीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गर्दै जिम्मवार निकायहरूले आ-आफ्नो क्षेत्रमा सक्रिय भई जिम्वेवारी अनुसारको दायित्व निर्वाह गर्नु पर्नेमा जोड दिएका थिए।

वहाँले सुरक्षा निकायलाई साधन श्रोत सम्पन्न बनाएमा मात्र समाजमा शान्ति सुरक्षा बलियो हुने बताउदै आवश्यक श्रोत साधन उपलव्ध गराउन प्रदेश सरकार सदैव तत्पर रहेको वताए। वहाँले लागू पदार्थ दुर्व्यसन यस प्रदेशमा ठूलो समस्याकोरुपमा रहेको हुनाले यसलाई नियन्त्रण गर्न सवैसंग हातेमालो गरी विशेष अभियानका साथ प्रदेश सरकार अगाडि बढिरहेको जानकारी गराए।

कार्यक्रममा गृह सचिव गोकर्णमणि दुवाडीले गोष्ठीमा भएको प्रस्तुतीकरण एवम् छलफलले एक आपसमा भएका असल अभ्यासको आदान प्रदान गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गर्दै बिगतमा भएका कमि कमजोरीहरुबाट पाठ समेत सिक्नु पर्ने वताएका थिए।

लागूऔषध ओसारपसार, भन्सार छली, चोरी तस्करी, साईवर अपराध जस्ता कानून विपरितका कृयाकलापहरु कसैले गरेमा क्षम्य नहुने हुँदा यसलाई नियन्त्रणका लागी सुरक्षा निकायहरु कसैको दवाव र प्रभावमा नपरी काम गर्न निर्देशन दिनु भयो। सेवाग्राहीको समस्या, गुनासोलाई सुनुवाई गरी समयमै सामाधान गर्न र सुरक्षा चुनौतीलाई तत्काल समाधानका लागि जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरूले निर्धक्कताका साथ आफ्नो अधिकारको प्रयोग गर्न निर्देशन दिएका थिए।

गोष्ठीमा प्रहरी महानिरीक्षक दिपक थापाले राज्यको आर्थिक, सामाजिक सुशासन, भौतिक पूर्वाधार र साँस्कृतिक विकास एवम् समृद्धिका निम्ति महत्वपूर्ण एवम् आधारभूत क्षेत्रको रूपमा रहेको सुरक्षा क्षेत्रलाई सक्षम, अब्बल र व्यावसायिक रूपमा विकसित गर्दै लैजान आवश्यक रहेको वताएका थिए। केन्द्रीय र प्रदेश स्तरबाट प्रभावकारी एवम् कुशल समन्वय र सहकार्य गरी कोशी प्रदेशको शान्ति सुरक्षा थप मजबुत बनाई व्यावसायिक तथा सक्षम प्रहरी सेवा प्रवाह गराउन र कानूनको निष्पक्ष कार्यान्वयन गरी

वांकी ५ पेजमा...

# प्रहरी स्कुल धरानको निरीक्षण तथा आसरा सुधार केन्द्र पानवारीको अवलोकन भ्रमण

विराटनगर। संगठन प्रमुख प्रहरी महानिरीक्षक दिपक थापाले नेपाल प्रहरी स्कुल धरानको निरीक्षण तथा आसरा सुधार केन्द्र पानवारीको अवलोकन भ्रमण गरेको छ।

सोमवार निरीक्षण भ्रमणको क्रममा वहाँले कार्यालय भवन तथा कक्षा कोठाहरुको निरीक्षण गर्नुको साथै स्कुल परिसर भित्र बृक्षारोपण समेत गर्नु भएको थियो। निरीक्षण भ्रमण पश्चात बिद्यालयका प्रिन्सिपल र अन्य शिक्षक शिक्षिकाहरुसंग छलफल तथा अन्तरक्रिया गर्नुका साथै सौहार्दपुर्ण वातावरणमा अध्यापन गराउन र विधार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि अनुरोध गर्नु भएको थियो।

त्यसैगरी वँहाले आसरा सुधार केन्द्र पानवारी धरानको अवलोकन भ्रमणको क्रममा केन्द्रको व्यवस्थापन लगायत सम्पुर्ण गतिविधिहरु र सम्पादन हुँदै आई रहेको दैनिक कार्यहरुको बारेमा जानकारी लिनु भएको थियो। निरीक्षण भ्रमण कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय प्रशासन बिभागका प्रमुख प्रहरी अतिरीक्त महानिरीक्षक कृष्णहरी शर्मा पोखेल, कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर कार्की, नेपाल प्रहरी प्रदेश कार्यालय धरान सुनसरीका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक जयराज सापकोटा, कोशी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्ले, कोशी प्रदेश प्रहरी कार्यालय विरानटनगरका प्रहरी वरिष्ठ उपरीक्षक भीम बहादुर दाहाल, नेपाल प्रहरी प्रधान कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक राम कुमार चौधरी लगायत सिनियर प्रहरी अधिकृतहरु तथा सुधार केन्द्रका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।




## यौनश्रमलाई...

किसिमका नीति र कानून निर्माण गर्नुपर्ने सुझाव दिएको छ ।

साथै, यौन श्रमिकलाई जबरजस्ती अनुसन्धान, उत्पीडन, दुर्व्यवहार गर्ने सरकारी अधिकारीलाई सजाय गर्नुपर्ने, यौनश्रम छोड्न चाहनेहरूका लागि वैकल्पिक आयआर्जन गर्ने कार्यक्रम बनाउनुपर्ने, श्रम अधिकारको संरक्षण र सबै श्रमिकहरूको लागि सुरक्षित रूपमा काम गर्ने अवस्था सिर्जना गर्नुपर्ने भनेर सुझाव समेत दिएको छ।

यस्तै शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षामा पर्याप्त पहुँच प्रदान गर्ने र यौन श्रमिकको अधिकारको रक्षा गर्न आवश्यक उपायहरू अपनाउनु पर्ने, काम गर्ने मौलिक अधिकार र पेशा छनोटको स्वतन्त्रतालाई सम्मान गर्दै सुरक्षित काम गर्ने वातावरणको प्रवर्धन गर्नुपर्ने सुझाव समेत दिएको छ। समितिले दिएका सुझावलाई नेपाल सरकारले अर्को पटक बस्ने समितिको बैठकमा पुन: पेश गर्नुपर्ने हुन्छ ।

कोही किन यौन श्रमिक बन्छ ?

यौन श्रमिकको हकमा मात्रै होइन, जुनसुकै श्रमिकको हकमा पनि लागू हुने प्रश्न हो 'मानिस किन काम गर्छ ?' श्रमका थोरै मात्र यस्ता क्षेत्र होलान् जहाँ मानिसले रहरले काम गरिरहेका छन् । हरेक श्रममा हाम्रो कुनै न कुनै बाध्यता जोडिएको, मुख्य त आर्थिक बाध्यता वा आधारभूत आवश्यकता परिपूति का लागि काम गर्नुपर्ने बाध्यता ।

महिला यौन श्रमिकको विस्तृत अध्ययन गर्ने हो भने आर्थिक अभावले घेरिएर यौनश्रममा लागेको निष्कर्षमा पुग्न सकिन्छ । तर, महिला श्रमिक सबै महिला र यौन श्रमिक पुरुषहरू आधारभूत आवश्यकताले थिचिएर मात्रै यौन श्रमिक बनेका छैनन् । असीमित रहर र आकांक्षाले भरिएर पनि मानिसहरू यौनश्रम बजारमा पुग्ने गरेका छन्, उनीहरूका कथा सार्वजनिक वृत्तमा छैनन् ।

धनाढ्य महिलाका घर वा पाँचतारे होटलमा कार चढेर प्यास मेटाइदिन जाने र यौनश्रम गरेर कमाएको आम्दानीले दुबईमा पारिवारिक प्याकेसन मनाउन जाने भाइहरूका कथा त नेपाली समाजले सुन्नै बाँकी छ । नेपाली समाजको एक हिस्सा भने चोक चौबाटाका यौन श्रमिक महिलालाई बिचरा, छि, कठै भनेर समाजलाई नैतिक बाटोमा हिंडाउनमा तल्लीन छ ।

किन ल्याउनुहुँदैन कानून-को दायरामा

यौन श्रम पनि हरेक काम जस्तै एक प्रकारको काम हो भनेर समाजमा सकारात्मक सोच बढाउन पहल गर्न जरूरी छ । हरेक नागरिकलाई नागरिकतामा पहुँच, सरहद भित्र जन्मेका बालबालिकाको जन्मदर्ता, सुरक्षित गर्भपतनको सेवा उपलब्ध गराउने हो भने कसैले आफ्नो पेशा भन्न पनि जरूरी पर्दैन

यौन श्रमिकको अधिकारको बारेमा बोल्ने जो-कोहीलाई आम मानिसले गर्ने एउटा प्रश्न छ, यौनश्रमलाई श्रम पनि भन्ने कानूनी दायरामा ल्याउने कुरा गर्दा पनि बिच्कने ? कुनै पनि कामको सम्मान गर्ने र उक्त कामलाई कानून को दायरामा ल्याउने विषय फरक-फरक हो । कानूनी दायरामा ल्याउने योजना बनाउँदै गर्दा त्यसले भविष्यमा पार्न सक्ने प्रभावको विषयमा पनि सोच्न जरूरी छ ।

मानौं, कानून बनाउने र कानूनको कार्यान्वयन गर्ने, यौन श्रमिक र यौन ग्राहकलाई यौनश्रम पनि अरू श्रम जस्तै हो भन्ने लाग्ला । तर समाज को ठूलो हिस्साले यौनश्रमलाई कलंकको रूपमा, बेइज्जतीको रूपमा हेर्ने गरेको छ । त्यसैले त यौन श्रमिकको विषयमा कसैले बोल्यो भने पुरुषलाई 'तेरा छोरी बहिनीलाई लगाउँछस् ?' र महिला छ भने 'आफैं यौन श्रमिक होला' वा 'तँ आफैंले गर्' भनेर सामाजिक सञ्जालमा गालीको वर्षा गरिरहन्छन् ।

यसरी गरिने गालीको वर्षासँग यो गर्नै नहुने काम हो भनेर मान्ने गरिन्छ । कानून बनाएपछि परिचयपत्र, त्यसको दर्ता, नवीकरण, करको दायरा ( नेताजीहरूको रुचि त करकै कुरामा बढी छ, अझ भित्री आशय त थाइल्याण्डका जस्ता होटल चलाउन पाए भन्ने होला, कतिलाई यहीं कोठी खोल्न पाए हुन्थ्यो भन्ने पनि होला) जस्ता अभिलेखले यौन श्रमिकको गोपनीयता भंग गरिदिन्छ। सधैंभरि सरकार, नीतिनिर्माण कर्ता र अधिकार को पैरवी कर्ताको रवैया एकै हुन्छ भन्ने पनि छैन ।

कहीं न कहीं सरकार वा अरू कुनै निकायमा यौन श्रमिकको रेकर्ड पुग्दा के हुन्छ भन्ने बारेमा गत वर्षको एउटा घटना जोडेर अझै स्पष्ट पार्न सकिन्छ । कोभिडको समयमा महिला बेचबिखन विरुद्ध काम गरिरहेको एउटा गैर सरकारी संस्थाले महिला यौन श्रमिकलाई राहत वितरण गऱ्यो । उहाँहरूले आफ्नो ठेगाना, नाम र फोन नम्बर लेखाएर राहत लिनु पनि भयो । उक्त फोन र ठेगानाको भरमा राहत लिएको तीन वर्षपछि यौन श्रमिक महिलाहरूलाई धमाधम प्रहरीले पक्रेर थुन्ने काम गऱ्यो । यसरी थुनिने कैयौं महिलाका परिवारका सदस्यलाई उहाँहरूले यौन श्रमिकको रूपमा काम गर्ने गरेको विषयमा जानकारी थिएन । कति महिलालाई तीन-चार दिन प्रहरीले हिरासतमा राख्दा उनीहरू का कलिला छोराछोरीलाई आमा कहाँ गएको भन्ने पनि थाहा थिएन ।

सरकारको अभिलेखमा आउँदा अभिभावकले जुनसुकै कारणले यौन श्रमिक भएर काम गरेर छोराछोरी हुर्काएको भए पनि, भोलि कसैले उनीहरूका सन्तानलाई 'तँ त यौनकर्मीको सन्तान हो' भनेर सामाजिक रूपमा घृणा गरे भने त्यसले ल्याउने परिणाम धेरै हदसम्म नकारात्मक हुन्छ । हिरो-गिरीमा रमाउने नेपाली समाज सधैं सधैं कोही न कोही नायक वा खलनायक को खोजीमा हुन्छ ।

भोलि कुनै (खल) नायक आएर सुकुम्बासी बस्तीमा डोजर चलाए झैं, फुटपाथका व्यापारीलाई सताए झैं, यौनकर्मी हटाउ अभियान चलाउँदैन भन्ने जिम्मा कसले लिन सक्छ ? त्यसैले यो हजारौं व्यक्ति र उनीहरूका घरपरिवारसँग जोडिएको विषय हो ।

कतिपय मानिसलाई लाग्छ 'हाम्रो छिमेकमा यौन कार्य गरेछन्, यिनीहरूलाई यहाँबाट हटाएर रेडलाइट एरिया तोकिदिनुपर्छ ।' निश्चित क्षेत्र तोकेर व्यवसाय गर भन्नुको अर्थ पनि सरकार र समाजको निगरानीमा आउ भन्ने हो ।

निश्चित क्षेत्रलाई रेडलाइट एरिया भन्ने कुराले सामाजिक, मानसिक रूपमा पार्ने प्रभावको बारेमा नेपालगञ्जमा गएर त्यहाँका बादी महिलाले हामी यौन श्रमिक होइनौं, हुन चाहन्नौं भनेर लडेको तीन दशक लामो संघर्षलाई हेरे हुन्छ । स्थान भनेको पहिचान पनि हो, मनमा यौन श्रमप्रति घृणाको भाव बोकेर बाँचेको समाजले आफ्नो ठेगानालाई रेडलाइट घोषणा गरेको स्वीकार गर्छ ?

यौन श्रमिकका लागि सरकारले गर्नुपर्ने काम

जताबाट जसरी हेरे पनि यौन श्रमिकको रूपमा काम गरिरहेका धेरै व्यक्तिहरूका सवाल आधारभूत आवश्यकताको परिपूर्तिसँग जोडिएका छन्, बेरोजगारी र विभेदसँग जोडिए का छन् । त्यसका लागि सरकारले आफ्ना नागरिकको आधारभूत आवश्यकता परिपूर्ति गर्ने, क्षमता अनुसारको रोजगार र न्यूनतम खर्च धान्न सक्ने पारिश्रमिकको व्यवस्था कडाइ का साथ लागू गर्नुपर्ने देखिन्छ ।

रोजगारीको दायरा र आधारभूत पारिश्रमिकको स्केल बढाउने वित्तिकै 'बाध्यताले बजार छिरेका' हरूको बाध्यता सकिन्छ । त्यसैगरी कानून बनाउने, व्याख्या र कार्यान्वयन गर्नेलाई मानव बेचबिखन र छनोटमा आधारित यौन श्रम फरक-फरक हो भनेर बुझ्न र बुझाउन जरूरी छ ।

यौन श्रम पनि हरेक काम जस्तै एक प्रकारको काम हो भनेर समाजमा सकारात्मक सोच बढाउन पहल गर्न जरूरी छ । हरेक नागरिकलाई नागरिकतामा पहुँच, सरहदभित्र जन्मेका बालबालिकाको जन्म दर्ता, सुरक्षित गर्भपतनको सेवा उपलब्ध गराउने हो भने कसैले आफ्नो पेशा भन्न पनि जरूरी पर्दैन । अनलाइन खबरबाट

# तीतो हुने करेला स्वास्थ्यको लागि लाभदायक

खाँदा तीतो भए पनि करेला स्वास्थ्यका लागि अतिलाभदायक छ। करेलाका केही फाइदा यस्ता छन ।

- शरीरमा कफ जम्मा भएमा करेला खानुपर्छ। करेलामा पाइने फस्फोरसले शरीरको कफ निकास गर्न सघाउ पुऱ्याउँछ ।

- करेलाले पाचनशक्ति बलियो बनाउँछ र भोक जगाउँछ ।

- करेला शितल खाद्य भएकाले गर्मी याममा करेला खाने गर्नु लाभदायक हुन्छ ।

- दमको समस्या भएकाहरूले मसला नहाली-कन पकाएको करेलाको तरकारी खानु राम्रो हुन्छ ।

- पक्षघात भएकाहरूलाई काँचो करेला खुवाउँदा सुधारका संकेत देखा परेका उदाहरण पनि छन् ।

- बान्ता, हैजा आदि भएमा करेलाको रसमा थोरै पानी र कालो नुन छरेर खाने गरेमा तुरुन्त लाभ मिल्छ ।

- कलेजोसम्बन्धी समस्या भएकाहरूका लागि पनि करेलाको तरकारी ज्यादै उपयोगी हुन्छ ।

- डायबेटिजको समस्या भएकाहरूका लागि करेलाको तरकारी उत्तम मानिन्छ। यसले शरीरमा चिनीको मात्रालाई नियन्त्रित गर्छ ।

- करेला खाने गर्नाले रगत सफा हुन्छ । रगतमा हेमोग्लोबिनको मात्रा बढाउन का लागि पनि करेला खाने गर्नुपर्छ ।

- बाथ रोग भएमा अथवा हातखुट्टा पोल्ने गरेमा काँचो करेलाको झोलले मालिस गरेमा फाइदा पुग्छ । एजेन्सी

## कोशी प्रदेश...

विकास मैत्री वातावरण सृजना गर्न प्रतिबद्ध रहेको उहाँले उल्लेख गरेका थिए ।

प्रहरी महानिरीक्षक थापाले विधिको शासनलाई अझ सशक्त बनाउन, आम नागरिकलाई न्यायको प्रत्याभूति दिलाउन, राज्यले प्रदत्त गर्ने सेवाहरूमा सबैको पहुँच सुनिश्चित गर्न एवम् देश र समाजको दिगो विकास प्राप्तिमा नेपाल प्रहरी सदैव कटिबद्ध रहेको उल्लेख गर्नुभयो । प्रदेशमा शान्ति सुव्यवस्था कायम राख्न थप सक्रियता एवम् रचनात्मक ढंगले आ-आफ्नो कार्यक्षेत्रमा अग्रसर रहि कार्य सम्पादन गर्न प्रदेश तथा जिल्ला प्रहरी प्रमुखहरूलाई निर्देशन दिएका थिए ।

उक्त गोष्ठीमा कोशी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्री रेवती रमण भण्डारी, नेपाली सेनाका रथी निर्मल कुमार थापा, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, कोशी प्रदेशका प्रमुख सचिव चन्द्रकला पौडेलले प्रदेश स्तरिय सुरक्षा गोष्ठीको बारेमा आ-आफ्नो भनाई राख्नु भएको थियो।

कार्यक्रममा गृह मन्त्रालय का सहसचिव राम चन्द्र तिवारीले स्वागत मन्तव्य व्यक्त राख्नुका साथै प्रदेश स्तरिय सुरक्षा गोष्ठीको उद्देश्य तथा कार्यक्रमको बारेमा प्रकाश पार्नु भएको थियो । यसै गरी कोशी प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव राम प्रसाद आचार्यले प्रदेशको समग्र शान्ति सुरक्षाको अवस्था, समस्या र चुनौती तथा समाधानका लागि आवश्यक कार्यको बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो भने १४ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले आ-आफ्नो जिल्लाको विद्यमान शान्ति सुरक्षाको अवस्था, समस्या तथा चुनौती, समाधानका उपाय एवम् आगामी कार्यक्रम लगायत विविध विषयमा प्रस्तुतिकरण गरेका थिए ।

उक्त गोष्ठीमा गृह मन्त्रालयका पदाधिकारीहरू, कोशी प्रदेशका प्रदेश स्तरीय सुरक्षा निकायका प्रमुखहरू, १४ वटै जिल्लाका सुरक्षा निकायका प्रमुखहरूको सहभागिता रहेको थियो ।


कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस् ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक

कोशी अस्पताल को अगाडी, विराटनगर

बिरामीहरूको लागि खुशीको खबर !!

ल्याब जाचमा ५०% सम्मको छुट

सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५

1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...

नि:शुल्क सुगर जाँच

यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।

समय: बिहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।